# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०५।३१ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०५।३१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
भोला दाहाल

**देहायः**

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी राजेन्द्र महतो नुनिया मु.नं (०७६-CR-०२२१) फैसला मिति २०८०।०१।११ | सार्वजनिक सम्पत्ति हानि नोक्सानी गरी भ्रष्टाचार गरेको। | प्रतिवादी राजेन्द्र महतो नुनियालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरे वमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र उपदफा (१) को खण्ड (ग) वमोजिम सजाय गरी विगो रु. ५५,९००/- निजबाट भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ वमोजिम असुल उपर गरी पाउन र दफा १२ वमोजिम जरिवाना हुन समेत मागदाबी रहेको। | **फैसलाः**<br>प्रतिवादीलाई आरोपी कसुरबाट सफाई दिइएको।<br>**विशेष अदालतले कसुरबाट सफाई दिदा लिएका आधारहरुः**<br>•२०७० सालमा मरेको व्यक्ति कैलाश गद्दिनले सामाजिक सुरक्षा भत्ता नबुझेको भनी निजका नाति हजामुद्धिन गद्धीले अनुसन्धानमा लेखाएता पनि अदालतबाट जारी भएको म्याद मिति २०७९/१०/२८ मा तामेल भएको देखिए पनि बकपत्र गर्न उपस्थित नभएको।<br>•कैलाश गद्दिनको मृत्यु २०७० सालमा भएको भनी निजका नाति हजामुद्धिन गद्धीले उल्लेख गरेको पनि कैलाश गद्दिनको मृत्यु दर्ता सम्बन्धित अभिलेख पठाउन आयोगमा लेखी पठाएकोमा जयमंगलापुर गा.वि.स. हाल छिपरमाई गाउँपालिकाको वडा कार्यालयमा रहेको मृत्यु दर्ता रजिष्टरमा खोज तलास गर्दा कैलाश गद्दिनको मृत्यु दर्ता फेला नपरेको।<br>•गा.वि.स.का सचिवको रुपमा कार्यरत यी प्रतिवादी राजेन्द्र महतो नुनिया र गा.वि.स. सहायकको रुपमा कार्यरत राज किशोर प्रसाद चौरसियाको औंठा छाप र धेरै व्यक्तिको भत्ता रकम बुझेको औंठा छाप सँग यी व्यक्तिको औंठा छाप नमिल्ने भनी परीक्षण प्राप्त रहेको।<br>•अनुसन्धानको क्रममा नै औंठा छाप रहेका व्यक्तिहरुले रकम बुझे नबुझेका सम्बन्धमा जीवित व्यक्ति फेला परेमा निजहरुको कागज र फेला नपरेमा सम्बन्धित वडा टोलमा गई रकम बुझे नबुझेको सम्बन्धमा सरजमिन गराउनु भनी जिल्ला प्रहरी कार्यालय पर्सालाई पत्राचार भएकोमा सो वमोजिम इलाका प्रहरी कार्यालय, | •अदालतबाट कैलाश गद्दिनको नातिले आफ्नो हजुर बुबाको २०७० सालमा मृत्यु भएको भन्ने भनाइ निजको नाति हजा मुहिनले अदालतमा उपस्थित भइ बकपत्र नगरेकाले प्रमाण लिन नमिल्ने र उनी जीवित नै रहेको अर्थ गरी निजको रकम बुझेको भरपाईलाई आधार नलिई सफाइ दिएको फैसला त्रुटीपूर्ण रहेको। आफ्नो जीवित हजुर बुबालाई अनुसन्धानको कागज गर्दाको मृत्यु भएको भनी उल्लेख गर्ने अवस्था हुदैन। यी कैलाश गद्दिनका नाति हजामुद्दिन गद्धी आफै उजुरी कर्ता भएको भए यिनले गा.वि.स. सचिव उपर पूर्वाग्राही भई उजुरी दिएका हुन कि भनी अनुमान गर्न सकिने अवस्था हुन्थ्यो। उनले अरु नै व्यक्तिले दिएको उजुरीमा अनुसन्धानको क्रममा कागज गरेको र प्रतिवादी स्वयंले मृत्यु भएका व्यक्तिको मृत्यु दर्ता नवनाएको खण्डमा सामाजिक सुरक्षा भत्ता भुक्तानी हुन सक्छ भनी बयान गरेका। प्रतिवादीको वयान समेतबाट उनले मरेका मानिसको नाममा समेत सामाजिक सुरक्षा भुक्तान हुन सक्ने उल्लेख गरेको। यस्ता अवस्थामा सामाजिक सुरक्षा भत्ता भुक्तान नै भएको छैन भन्ने अर्थ गरी प्रतिवादी राजेन्द्र महतो नुनियालाई सफाइ दिएको फैसला त्रुटीपूर्ण रहेको।<br>•मृत्यु दर्ताको दर्ता रजिष्टरमा खोज तलास गर्दा फेला पार्न नसकेको भनी उल्लेख गरेको भएता पनि मृत्यु दर्ता रजिष्टरमा दर्ता गर्ने कार्य मृतकका आफन्तको जिम्मेवारी भित्रको कार्य होइन। मृत्यु भएको तथ्य एउटा हो। मृत्यु दर्ता रजिष्टरमा मृत्यु भएको तथ्यलाई अभिलेखिकरण गर्ने कार्य मात्र हो। मृतक जिवित नै छन भनी प्रतिवादीको दावी पनि नभएको मृत्यु भई सकेका व्यक्तिहरुको नाममा रकम निकाली खाने मनसाय राख्ने व्यक्तिबाट मृत्यु दर्ता अभिलेख गर्ने कार्य नहुने तर्फ विचारै नगरी भएको फैसला त्रुटीपूर्ण रहेको।<br>•गा.वि.स. सचिवको रुपमा कार्यरत यी प्रतिवादी र सहायक कर्मचारीको औंठा छाप सँग व्यक्तिको रकम बुझ्ने एउटै औंठा छाप भएको व्यक्तिको औंठा छाप सँग नमिलेकोले यी प्रतिवादीले आफैंले औंठा छाप लगाएको होइन भनी सफाइ दिएको मिलेको छैन। भ्रष्टाचार जस्तो अपराध शिक्षित, चेतनशील, चतुर व्यक्तिले गर्ने भएकाले आगामी दिनहरुमा प्रमाण हुने खालको आफैंले औंठा छाप लगाई रकम लिने सम्भावना नरहेकाले औंठा छाप नमिल्नु स्वाभाविक हो।<br>•औंठा छाप रहेका व्यक्तिले रकम बुझे/नबुझेको सम्बन्धमा गई सरजमिन गराउँदा २२२ जना रकम बुझ्ने व्यक्तिको सरजमिन भएको र सरजमिन गर्ने व्यक्तिहरु मध्ये अधिकांशले आफैंले रकम बुझेका र अन्य व्यक्तिले समेत बुझी सम्बन्धित व्यक्तिलाई बुझाउने गरेको देखिएकाले एउटै व्यक्तिको औंठा छाप धेरै व्यक्तिले रकम बुझेको औंठा छापसँग मिल्नु स्वाभाविक भएको। अनुसन्धानको बयानमा कार्यालय सहायक राम किशोर प्रसाद चौरसियाले कागज गर्दा गा.वि.स. सचिवले आफ्नो नाममा रकम झिकी आफ्नै तरिकाले वितरण गरेको र प्रतिवादी राजेन्द्र महतो नूनियाले अनुसन्धानको बयानमा सामाजिक सुरक्षा भत्ता वितरण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | पोखरीयाले २२२ जनाको सर्जमिन मुचुल्का गराएको। धेरै जसो व्यक्तिले रकम आफैले बुझेको र केहिले बाबु, आमा, छोरो, नाति, भाई दिदीले बुझेको भनी लेखाई दिएको।<br>•उजुरकर्ताले अदालतमा आई बकपत्रमा गाउँ घरका जेष्ठ नागरिकको कुरा सुनेको आधारमा उजुरी दिएको हुँ भनी भनेबाट उजुरकर्ताको उजुरी व्यहोरा तथ्य परक नदेखिएको। | गर्दा कार्यालय सहायकलाई सोधेर गरेको थिएँ कार्यालयका पुराना कर्मचारी कार्यालय सहयोगी राम किशोर प्रसाद चौरसियालाई पटक पटक गरी रकम वितरण गर्न भनी दिएको हुँ भनी अदालत समक्ष बयान गरेता पनि निजले उक्त भनाइ प्रष्ट गराउन नसकेको। सजायबाट कुनै कुरा दावी छुट लिने व्यक्तिको उक्त कुराको पुष्टि गर्ने दायित्व पनि निजमा नै हुनेमा त्यस्तो कार्य प्रतिवादीबाट भएको नदेखिएको। प्रमाण विनाको निजको इन्कारीलाई प्रमाणमा लिई सफाइ दिएको फैसला प्रमाण ऐन, २०३१ को दफा २६ वमोजिम समेत प्रतिकुल रहेको। कैलाश गद्दिन जीवत नै रहेको प्रमाण प्रतिवादीले समेत पेश गर्न नसकेको। |